अनुसूची-२०

(नियम ५७ को खण्ड (ञ) सँग सम्बन्धित)

## कञ्चनपुर जिल्ला अदालत

## लिलाम बढाबढको सूचना

वादी कञ्चनपुर जिल्ला भीमदत्त न.पा. वडा नं.४ बजार गल्ली नं. १ बस्ने कन्धई लाल देवल भन्ने कधई लाल देवल र प्रतिवादी ऐ.ऐ. वडा नं. १८ बस्ने कौशिला कार्की समेत भएको चेक अनादर मुद्धामा कञ्चनपुर जिल्ला अदालतको मिति २०७६।११।११ गतेको फैसला बमोजिम विगो रु.१,७६,०००।– सोको भरी भराउ हुँदा सम्मको ब्याज समेतको रकम प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिला गर्न नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीबाट भरिपाउने विगो तपसील बमोजिमको सम्पत्तिबाट भराई पाउँ भनी वादीको निवेदन परी कारवाही भइ प्रतिवादीको उक्त सम्पत्ति पहिलो पटक मिति २०७८।१२।२८ गते यस अदालतमा डाँक लिलामी हुने भएकोले डाँक बढावढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१. यस अदालतको तहसील शाखामा मिति <u>२०७८।१२।२८ गते</u> दिनको १:०० बजे देखि २:०० बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिनेछ ।

२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ ।

३. कायम भएको न्युनतम पञ्चकृति मुल्यबाट डाँक बढाबढ गर्नु पर्ने छ ।

४. डाँक लिलामको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ। बाँकी बोलकबोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नु पर्नेछ ।त्यसरी सात दिन भित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशन गरिनेछ ।

५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइने छ ।

६. डाँक लिलाम सम्बन्धमा बुझ्नु पर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला ।

७. डाँक लिलाम हुने सम्पत्तिको विवरण

**डाँक लिलाम हुने सम्पत्तिको विवरण :**

| सि.नं. | जग्गाधनीको नामथर | गाउँपालिका/नगरपालिका | वडा नं. | न.सिट नं. | कि.नं. | क्षेत्रफल | डाक बोल्नुपर्ने न्यूनतम अङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कौशिला कार्की समेत | कञ्चनपुर जिल्ला साविक महेन्द्रनगर न.पा. | १८ | ०२०/१४ ५७१७ | १५६६१ | २७९ व.मी. को पुरै कित्ता जग्गा | रु.५७,६७,३५७।- ( सन्ताउन्न लाख सटसठ्ठि हजार तीन सय सन्ताउन्न ) | |

इति संवत् २०७८ साल फागुन महिना २७ गते रोज ६ मा शुभम् ------------------------------------------ ।